नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(निजामती)

फोनः ५०१०२९८
फ्याक्स नं: ५०१०१४९
ई-मेलः info@pis.gov.np
वेबसाईटः pis.gov.np
मितिः २०७९/०३/१३

पत्र संख्या :-
चलानी नं :- 3255

श्री, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी, मुस्ताङ

**विषयः अनिवार्य अवकाश सम्बन्धी सुचना ।**

यस विभागको अभिलेख अनुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी, मुस्ताङ मा कार्यरत आठौं तह / पशु चिकित्सक पदका श्री जिवन प्रसाद आचार्य (संकेत नं १३७३१५) ले यस विभागमा पेस गरेको कागजात मध्ये निजामती सेवा ऐन, २०४९ दफा ३३ बमोजिम व्यक्तिगत विवरण (सिटरोल)मा उल्लेखित जन्ममिति २०२२/०३/०४ अनुसार मिति २०८०/०३/०३ मा ५८ वर्ष उमेर पुरा हुने भएकोले मिति २०८०/०३/०४ देखि अनिवार्य अवकाश दिई यस विभागलाई जानकारी दिनु हुन ! संशोधन गर्नु पर्ने कुनै विवरण भए संलग्न माग फाराममा आवश्यक आधार प्रमाण सहित निजामती सेवा नियमावली २०५० को अनुसूची १७ क रितपुर्वक भरी निवृत्तिभरण अधिकार पत्र बनाउन आवश्यक पर्ने देहायका कागजात निजको अवकास मिति भन्दा ३ महिना अगावै यस विभागमा पठाईदिनुहुन समेत अनुरोध छ । संशोधन नहुनु पर्ने भए सेवा निवृत्त हुने समयमा उल्लेखित फाराम प्रमाणित गरि नि.भ.अ.प / उपदान को लागि निम्न कागजात सहित सम्पर्क राख्न पठाइदिनु हुन अनुरोध छ ।

१) राजिनामा स्वीकृत भएको वा अवकाश पाएको पत्र ।
२) निवृत्तभरण अधिकारपत्र / उपदान बनाइदिने व्यहोराको त्यहाँ कार्यालयको पत्र ।
३) निवृत्तभरण पाउने कर्मचारी र ईच्छाएको व्यक्तिको हालसालै खिचेको पासपोर्ट साईजको एकै रुपका पासपोट साईजको फोटो ६/६ प्रति र अटो साईजका १/१ प्रति । (उपदान भए आवश्यक नपर्ने)
४) निजले सुरू नियुक्ति मिति देखि अवकास भएसम्म लिएको औषधि उपचार रकम, अध्ययन बिदा र असाधारण बिदा सम्बन्धी विवरणका साथै गयल कट्टी / विभागीय कारवाहीको व्यहोरा खुलाएको किटानी पत्र ।
५) शुरु नियुक्ति पत्र / स्तरवृद्धि / तहमिलान सरुवा पत्र / बढुवा पत्र तथा रमाना पत्रहरु अतिरिक्तमान/ ग्रेड थप र स्तर वृद्धि सम्बन्धी कागजातहरु ।
६) एक तह / श्रेणी माथि बढुवा पाउने अवस्था भए नि.से.नि. २०५० को नियम ८७. क(१) अनुसार एक महिना अगाडिदेखि लागु हुने गरी दिइएको बढुवा पत्र ।
७) सेवा प्रवेश गर्नुपुर्व लिएको उमेर वा जन्ममिति खुल्ने शैक्षिक प्रमाण पत्र वा एस.एल.सी. र सो भन्दा माथिका सबै शैक्षिक योग्यताको सक्कल तथा प्रमाणित प्रतिलिपि, नागरिकताको सक्कल र प्रमाणित प्रतिलिपि ।
८) वरबुझारथको प्रमाण वा निस्सा ।
९) निज त्यस कार्यालयमा नभए हाल सरुवा भएको कार्यालयमा यो अनिवार्य अवकासको जानकारीपत्र सम्बन्धीत कार्यालयमा पठाईदिनु भै यस विभागलाई जानकारी दिनुहुन !
१०) संचित घर विदा तथा विरामी विदा उल्लेख गरेको म.ले.प. फा.नं. ४२ वा नि.से.नि. २०५० को अनुसूची १४ बमोजिमको विवरण भरी प्रमाणित गरेको पत्र ।
११) अन्य व्यहोरा :

Manandhar 2065/3/14
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थः
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा, कास्की
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,म्याग्दी :- निज माथि उल्लेखित मितिबाट सेवा निवृत्त भएपछिको मासिक तलब र भत्ता निकासा नगर्न र यस विभागबाट निवृत्तभरण अधिकार पत्र तयार भएपछि औषधि उपचार र नियमानुसारको सञ्चित बिदा पदाधिकार निकायबाट माग भैइ आएपछि निकासा गर्ने व्यवस्थाको लागि अनुरोध छ ।
श्री जिवन प्रसाद आचार्य :- उपरोक्त कागजात बाहेक तपाईको नागरिताको प्रमाणपत्र, सेवा प्रबेश गर्दाको शैक्षिक योग्यताको प्रमाणपत्रद्वारा हुन आउने जन्ममितिबाट माथि उल्लेखित मिति भन्दा अगिाड नै तपाई अवकाश हुने देखिएमा सो को आधारमा अवकाश दिने/लिने व्यबस्था गर्नु हुन र सेवा / सुबिधा लिन आउदा माथि उल्लेखित कागजातहरुको सक्कल समेत लिइ उपस्थित हुन अनुरोध छ ।

मुद्रणकर्ताको नाम :

समय : १५:५२:०७

मुद्रण मिति : २०७९/०३/१३

गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :२०७९/०८०
चलानी नं. : 9608

पोखरा,
नेपाल।

मितिः २०८०।०३।०७

विषयः अनिवार्य अवकाश सम्बन्धमा।

श्री जीवन प्रसाद आचार्य (क.सं.नं. १३७३१५),
पशु चिकित्सक (अधिकृत आठौं) (नेपाल कृषि सेवा/भेटेरिनरी),
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी।

राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुरको च.नं. ३२९९ मिति २०७९।०३।१३ को पत्रानुसार मिति २०८०।०३।०३ गते तपाईंको उमेर ५८ (अन्ठाउन्न) वर्ष पूरा हुने भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ३३ अनुसार मिति २०८०।०३।०४ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश दिइएको व्यहोरा मिति २०८०।०३।०७ (प्रमुख सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

तपाईंले लामो अवधिसम्म निजामती सेवामा रही पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिंदै सुखद सेवा निवृत्त जीवनको शुभकामना छ।

२०८०।३।६
(प्रदिपचन्द्र सुबेदी)
शाखा अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर।
श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।
श्री नागरिक लगानी कोष/सावधिक विमा कोष, नयाँ बानेश्वर, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दी।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी।